

"हात्ती संरक्षणमा सहभागी बनौं
मानव–हात्ती सहअस्तित्व कायम गरौं"

# हात्ती सम्बन्धी जानकारीमूलक पुस्तिका




xfQL ;DalGw yk hfgsf/Lsf nflu ;Dks{

**श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण बिभाग**

aa/dxn, sf7df08f}

kmf]g gDa/M )!–%#@)(!@, )!–%#@)*%)

tyf

dftxtsf ;+/lIft If]q sfof{nox?

/

l8lehg jg sfof{nox?

# हात्ती सम्बन्धी जानकारीमूलक पुस्तिका

**सामाग्री संकलन तथा लेखन :**

दिपज्योति चापागाँई

चिरायु थापा

**प्राविधिक सल्लाहकार :**

डा. कमल प्रसाद गैरे

रमेश कुमार थापा

**प्रकाशक :**

उज्यालो नेपाल

Website : ujyalonepalbardia.com

Email : brightnepal2017@gmail.com

**प्रकाशन बर्ष :**

भाद्र, २०७९ साल

**फोटो सौजन्य :**

मञ्जु महतरा, शुसीला महतरा, राम शाही, अशोक राम

**मुद्रण :**

क्यापिटल प्रेस प्रा.लि., नेपालगन्ज (फोन : ०८१-५५१४६६)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(.................................................. शाखा)

फोन नं. : ४२२०८५० | ४२२०९१२ | ४२२७९२६
फ्याक्स नं. ४२२७६७५

पो. ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

पत्र संख्या :-
चलानी नं :-

२०७९/०५/१७

दुई शब्द

स्थानीय समुदायको सहयोग तथा संरक्षित क्षेत्र र जनता बीचको सुमधुर अन्तरसम्बन्धका कारण वन्यजन्तु संरक्षणको क्षेत्रमा नेपालले अभूतपूर्व सफलता हासिल गरेको छ । बाघ, गैंडा, हात्ती, अर्ना, चितुवा लगायतका वन्यजन्तुबाट हुने जनधनको क्षति न्यूनिकरण गरी मानव-वन्यजन्तु सहअस्तित्व कायम राख्ने विषय हाम्रो पहिलो प्राथमिकतामा रहेको छ । नेपाल सरकारले वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका जारी गरेर पीडितलाई राहत उपलब्ध गराउँने व्यवस्था गरेको छ । राहत निर्देशिकालाई समय सापेक्ष बनाई सरल र शुलभ तरिकाबाट राहत उपलब्ध गराउने सन्दर्भमा आवश्यक प्रकृया अगाडि बढाइएको छ ।

नेपालको तराई र भित्री मधेशमा मानव-हात्ती द्वन्द न्यूनिकरण गरी मानव-हात्ती सहअस्तित्व कायम राख्नका लागि बिभिन्न प्रयास गरिँदै आएको छ । आवादी क्षेत्रमा हात्ती प्रवेश नियन्त्रणका लागि बिद्युतिय तारवार, आर.सि.सि.पर्खाल, जाली बार, ग्याबियनको तटवन्धन जस्ता संरचनाहरु निर्माणका अतिरिक्त घर, पशु, बालि र मानिसको बिमा तथा सामुदायिक सचेतनामूलक कार्यक्रममा जोड दिइएको छ । मानव-हात्ती सहअस्तित्वका लागि मानिसले हात्तीप्रति गर्ने व्यवहारमा परिवर्तन आउन जरुरी छ । यसका लागि समुदायमा हात्ती सम्वन्धी व्यापक जानकारी प्रवाह हुन आवश्यक छ ।हात्तीको बानी व्यहोरा, चालचलन, हात्तीले आक्रमण गर्नसक्ने अवस्था, हात्तीको आक्रमणबाट बच्नका लागि अपनाउनुपर्ने सजगता र राहत प्रकृयाका सम्बन्धमा समुदायलाई जानकारी गराउने उद्देश्यले "हात्ती सम्वन्धी जानकारीमूलक पुस्तिका" प्रकाशित गरिएको छ ।

यो पुस्तिकामा हात्ती सम्वन्धी बिस्तृत जानकारी समेट्ने कोशिस गरिएको छ ।हात्ती प्रभावित क्षेत्रमा यो पुस्तकको माध्यमबाट व्यापक सचेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । हात्ती संरक्षण एवं मानव-हात्ती सहअस्तित्व कायम राख्न यो पुस्तक धेरै सहयोगि हुनेछ भन्ने आशा एवं बिश्वास लिएको छु । यसमा समेट्न नसकिएका कुराहरु सम्वन्धित बिज्ञ एवं पाठकहरुको राय सुझावका आधारमा आगामि अङ्कमा समेट्ने प्रयास गरिनेछ । अन्तमा यो पुस्तिका तयार गरी प्रकाशन गर्ने "उज्यालो नेपाल" र सम्वद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

डा. महेश्वर ढकाल
महानिर्देशक

# विषय सूची


| | |
|---|---|
| हात्तीको परिचय | १ |
| अफ्रिकी महादेशमा पाइने २ प्रजातिका हात्तीहरू | १ |
| एशियाली हात्ती र अफ्रिकी हात्तीमा भिन्नता | ६ |
| एशियाली हात्तीको वासस्थान र आहारा | ७ |
| एशियाली हात्तीको प्रजनन् र जीवनचक्र | ८ |
| एशियाली हात्तीको सामाजिक व्यवहार | ९ |
| हात्तीले मानिसलाई आक्रमण गर्ने अवस्था | ११ |
| हात्तीले मानिसलाई आक्रमण गर्ने तरिका | ११ |
| हात्तीको आक्रमणबाट बच्ने उपाय | १२ |
| हात्तीबाट जनधनको क्षति हुनाका कारणहरू | १२ |
| हात्तीबाट हुने मानवीय क्षतिका कारणहरू | १४ |
| हात्तीसंग सहयात्रा | २० |
| हात्ती प्रति गरिने मानिसको व्यवहार परिवर्तन | २१ |
| ध्यान दिनुपर्ने अन्य कुराहरू | २२ |
| हात्तीबाट हुने क्षतिको राहत सहयोग सम्बन्धी व्यवस्था | २३ |
| हात्तीबाट भएको क्षतिको राहत सहयोग प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरू | २४ |
| राहत सहयोग सम्बन्धि ध्यान दिनु पर्ने कुराहरू | २५ |
| हात्ती संरक्षणका चुनौतीहरू | २५ |
| नेपालमा हात्ती संरक्षणका चुनौतिहरू | २६ |
| हात्ती संरक्षणका लागि कानूनी ब्यवस्था | २६ |
| हात्ती संरक्षण किन ? | २७ |

## हात्तीको परिचय

हात्ती पृथ्वीको सबै भन्दा ठूलो स्थलचर प्राणी हो। बैज्ञानिकहरूको राय अनुसार पृथ्वीमा हात्तीको पुर्खाहरू ५६ मिलियन बर्ष पहिला उत्पत्ति भएकोहो। उत्तपति पश्चात ३३ मिलियन बर्षसम्म हात्तीहरू अफ्रिकामा मात्र सिमित थिए। २० मिलियन बर्ष अगाडि सम्म हात्तीहरू अफ्रिका देखि युरोप र एशियासम्म रहेका थिए भने उत्तर अमेरिकामा १६ मिलियन र दक्षिण अमेरीकामा ३ मिलियन बर्ष पहिला पुगेका थिए। हाल हात्तीहरू अफ्रिकिमहादेशका ३७ देश र एसिया महादेशका १३ देशमा मात्र पाईन्छ।

हात्ती बुद्धिमानी र सामाजिक प्राणी हो। प्राकृतिक वासस्थानका अतिरिक्त बिभिन्न चिडियाखाना, सरकारी हात्तीसार र निजि क्षेत्रमा गरी करीव १६,००० को संख्यामा घरपालुवा हात्ती पनि रहेका छन्। हात्ती सम्बन्धी गरिएका बिभिन्न अध्ययनको प्रतिवेदन अनुसार अफ्रिकिहात्ती र एशियाली हात्तीको प्रजाति बिभाजन ७६ लाख बर्ष पहिला भएको हो। हाल संसारमा मुख्य दुई प्रजातीका हात्ती मात्र अस्तित्वमा रहेका छन्। अफ्रिकी महादेशमा पाइने हात्तीलाई अफ्रिकी हात्ती (African elephant) र एशिया महादेशमा पाईने हात्तीलाई एशियाली हात्ती (Asian Elephant) भन्ने गरिन्छ।

## अफ्रिकी महादेशमा पाइने २ प्रजातिका हात्तीहरू

### १. अफ्रिकन बुस एलिफेन्ट – **African bush elephant** *(Loxodonta africana)*

अफ्रिकी हात्तीका दुई जिवित उप प्रजातिहरू मध्ये अफ्रिकन बुस एलिफेन्ट वा अफ्रिकन सवाना एलिफेन्ट (लोक्सोडोन्टा अफ्रिकाना) एक हो। यो सबैभन्दा ठूलो जीवित स्थलचर प्राणी हो। यो प्रजातिका भाले हात्तीको काँधको उचाई ३.६ मिटर (१३ फिट) र वजन ४-१० टनसम्म हुन्छ। यो ३७ अफ्रिकी देशहरूमा पाईन्छ। यसको मुख्य वासस्थान वन, घाँसे मैदान, सिमसार र कृषि भूमि समेत रहेको छ। सन् २०२१ देखि यसलाई IUCN रातो सूचिमा लोपोन्मुख (Endangered) वन्यजन्तुको रूपमा सूचीवद्ध गरिएको छ।

**२. अफ्रिकन फरेष्ट एलिफेन्ट – African forest elephant** *(Loxodonta cyclotis)*


अफ्रिकन फरेष्ट एलिफेन्ट (लोक्सोडोन्टा साइक्लोटिस) दुई जिवित अफ्रिकि हात्तीका उप प्रजातिहरू मध्येको एक हो । यो प्रजाति पश्चिम अफ्रिका र कङ्गो बेसिनको आर्द्र जंगलमा पाईन्छ । यसको काँधको उचाई २.७ मि.(७'१०") सम्म हुन्छ । भाले र पोथी दुवैमा सीधा, तल गएका दाँतहरू हुन्छन् । यो प्रजातिका हात्तीहरू २० वटा सम्मको समूहमा बस्दन् । सन् २०२१ देखि यो प्रजातिलाई पनि क्षञ्रष्ल रातो सूचिमा अतिसंकटापन्न (Critically Endangered) भनि सूचीवद्ध गरिएको छ ।

**एशिया महादेशमा पाइने एशियाली हात्ती – Asian elephant** *(Elephas maximus)*

एशियाली हात्ती एलिफास जीनसको एक मात्र जिवित प्रजाति हो र यो सम्पूर्ण भारतीय उपमहाद्वीप र दक्षिणपूर्व एशियाको पूर्वमा बोर्नियो, पश्चिममा भारत, उत्तरमा चिन र दक्षिणमा सुमात्रासम्म पाईन्छ ।एशियाली हात्तीका चार उप-प्रजातिहरू श्रीलंकन हात्ती उप-प्रजाति (Elephas maximus maximus) भारतिय हात्ती उप-प्रजाति (Elepaus maximus indicus) सुमात्रा हात्ती उप-प्रजाति (Elephas maximus sumatrensis) र बोर्नियो हात्ती उप-प्रजाति (Elephas maximus bornensis) रहेका छन ।

एशियाली हात्तीहरू एशियाको दक्षिणपूर्वी भागहरूमा पाईन्छन् । भारतीय हात्ती (Elephas maximus indicus) दक्षिणी र दक्षिण पूर्वी एशिया लगायत सबैभन्दा धैरै भू-भागमा पाईन्छ । सुमात्रा (Elephus maximus sumatrensis) र श्रीलंका (Elephas maximus maximus) हात्तीहरू क्रमश : ईण्डोनेसियाको सुमात्रा र श्रीलंकाको दक्षिण पश्चिम भागहरूमा पाईन्छन् । बोर्नियो हात्तीहरू मलेशियाको सभाह, र ईण्डोनेसियाको कालीमान्तान क्षेत्रहरूमा पाईन्छन्।श्रीलंकाको हात्ती अन्य एशयाली हात्ती उप-प्रजातिहरू मध्ये सबैभन्दा ठूलो हो ।

एशियाली हात्ती नेपाल, बङ्गलादेश, भुटान, कम्बोडिया, चीन, भारत, इन्डोनेशिया, मलेशिया, लाओस, म्यानमार, श्रीलङ्का, थाइल्याण्ड र भियतनाम लगायत १३ देशहरूमा पाईन्छ । पाकिस्तानबाट एशियाली हात्ती लोप भईसकेको छ । संसारमा एशियाली हात्तीको संख्या ४१ हजार देखि ५२ हजारको हाराहारीमा रहेको अनुमान गरिएको छ ।





*(नक्सा १ एसियाली हात्तीको बिगत र वर्तमान बितरणको अवस्था)*

सबै भन्दा बढि एशियाली हात्ती भएको देश भारत हो। भारतमामात्र करिव २७,००० को संख्यामा हात्तीहरु पाइन्छन्। नेपालसंग सिमाना जोडिएका भारतका पश्चिम बंगाल, बिहार, उत्तर प्रदेश, र उत्तराखण्ड लगायत १९ राज्यमा हात्ती पाईन्छ। भारतमा सबै भन्दा बढि हात्ती रहेको राज्य कर्नाटका हो जहाँ ६,००० भन्दा बढि संख्यामा हात्तीहरू रहेका छन।

भारत पछि १००० भन्दा बढि संख्यामा एशियाली हात्ती भएका देशहरू म्यान्मार, थाइल्याण्ड, श्रीलंका, मलेशिया, र इण्डोनेशिया हुन भने १००० भन्दा कम संख्या भएका देशहरू भुटान, बङ्गलादेश, कम्बोडिया, भियतनाम, लाओस, चीन, नेपाल हुन।

नेपालको झापा, मोरङ्ग, सुनसरी, सप्तरी, उदयपुर, सिराहा, सर्लाही, सिन्धुली, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), नवलपरासी (बर्दघाट सुस्ता पूर्व), कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी तराई र भित्री मधेशका २० जिल्लाहरूमा करिब २०३ देखि २२७ को संख्यामा जंगली हात्ती रहेको अनुमान छ। तराई भए पनि हात्ती नपाइने जिल्ला रूपन्देही हो। हात्तीहरूले झापाको बाहुनडाँगी, पर्साको ठोरी, बर्दियाको खाता र कर्णाली जैविक मार्ग तथा कन्चनपुरको लालझाडी र ब्रह्मदेव जैविक मार्ग लगायतका क्षेत्रवाट नेपाल भारतको सिमाना वारपार गर्ने गरेको पाईन्छ। नेपालको सिमानामा रहेका भारतका संरक्षित क्षेत्रबाट पनि हात्तीहरू ओहोर दोहोर गर्ने गरेको पाईन्छ।




*(नक्सा २ नेपालमा हात्तीका लागि उपयुक्त वासस्थान र बितणको अवस्था)*

एशियाली हात्ती एसियाको सबैभन्दा ठूलो स्थलचर स्तनधारी जनावर हो । भिमकाय शरिर, कालो चाउरी परेको छाला, लामो सुँड र ठूलो कानले गर्दा यसलाई सजिलै पहिचान गर्न सकिन्छ । यसको शरिरको लम्बाई ५.५ देखि ६.५ मिटर सम्म र उचाई ३.५ मिटर सम्म हुन्छ । सन् १९८५ मा बर्दिया राष्ट्रिय निकुञ्जमा राजागज र कान्छागज नामका दुइ वटा ठूला हात्ती भेटिएका थिए । अहिले सम्म भेटिएका हात्ती मध्ये राजागज (उचाई ३.४ मिटर) सबै भन्दा ठूलो एशियाली हात्ती मानिएको छ ।

हात्तीको तौल ३,००० देखि ६,००० किलोग्राम सम्म हुन्छ । यसको छालामा पसिना आउने ग्रन्थी हुँदैन तर नङ्गको आधार क्षेत्रमा भने केही पसिना ग्रन्थीहरू हुन्छन् । यसले आफ्नो कान हल्लाएर शरिरको तापक्रम घटाउँछ । हात्तीको श्रवण शक्ति निकै तिखो हुन्छ । यसले मानिसको क्षमता भन्दा अधिक ध्वनी ८,००० देखी १२,००० हर्ज सम्म सुन्न सक्छ । भालेको माथिल्लो ओठ भित्रबाट लामो दाह्रा बाहिर निस्किएका हुन्छन । पोथी एशियाली हात्तीहरूमा भने त्यस्तो बाहिर निस्किएको लामो दाह्रा नभए तापनि सुँडभन्दा बाहिर ननिस्किने सानो दाह्रा हुन सक्छन् । हाम्रो समाजमा हात्तीको देखाउने दाँत र चपाउने दाँत फरक फरक हुन्छ भन्ने उखान पनि रहेको छ । कुनै कुनै भाले हात्तीमा बाहिर निस्केको ठूलो दाह्रा हुँदैन यस्ता हात्तीलाई मकुना भन्ने गरिन्छ ।



## एशियाली हात्ती र अफ्रिकी हात्तीमा भिन्नता



अफ्रिकी हात्ती



एशियाली हात्ती

| बिवरण | अफ्रिकी हात्ती | एशियाली हात्ती |
|---|---|---|
| शरीरको आकार | ठूलो आकार | सानो आकार |
| कान | ठूलो र गर्धन सम्म ढाकेको | सानो |
| टाउको | गोलाकार | बिचमा सानो खाल्टो, दायाँ बायाँ गुम्वज उठेको |
| शरीरको अग्लो भाग | ढाडको माथिल्लो भाग | काँधको अग्लो भाग |
| छाला | वढी गुचमुच्च परेको | कम गुचमुच्च परेको |
| दाह्रा | भाले पोथी दुबैमा हुन्छ | भालेको मात्र लामो दाह्रा हुन्छ |
| दाह्राको तौल | १०२.७ के.जि.सम्म | ३९ के.जि.सम्म |
| तौल | ४,००० देखि १०,००० के.जि. | ३,००० देखि ६,००० के.जि. |
| उचाई | ४ मीटर सम्म | ३.५ मिटर सम्म |

## एशियाली हात्तीको वासस्थान र आहारा

हात्तीहरू उष्ण तथा समशितोष्ण प्रदेशको ओसिलो र सुख्खा, घना जङ्गलमा बस्न मन पराउँछन् भने सुख्खा र गर्मी मौसममा नदी किनार र पानीको घोल नजिकै बस्छन्। जाडोको मौषममा हात्तीहरू घना जँगलमा बस्न मन पराउँछन्। समुद्र सतहबाट तीन हजार मिटर सम्मको उचाईमा यो हात्तीले बिचरण गर्ने गर्दछ। यसले मौसम अनुसार आफ्नो आहारा फेरि फेरि खाने गर्दछ।

हात्तीले घाँस, फल, विरुवा, पात, रुखको बोक्रा, अन्न आदि खान्छ । यो निरन्तर १६ देखि १८ घन्टासम्म खाइरहन्छ । यसले हरेक दिन १८० कि .ग्रा. सम्म आहारा खान्छ। हात्तीलाई एक दिनमा करिब २०० लिटर पानीको आवश्यकता पर्छ । हात्तीले सुँडको मद्धतले आहारा खाने, सास फेर्ने, नुहाउने, पानी पिउने, सुँघ्ने, धुलो सफा गर्ने, खेल्ने र अरू सँग जुध्ने काम गर्दछ । हात्तीको सुँडमा करिव सात लिटर सम्म पानी अटाउँछभने निकै टाढाको पानीको स्रोत पनि सुँघेर पत्ता लगाउन सक्दछ । हात्तीले जमिन मुनि /हेका पानीको श्रोत पत्ता लगाएर खाल्टो खनेर बालुवा, माटो फालेर पानी सफा हुन दिई पिउने गरेको पनि पाईन्छ ।

## एशियाली हात्तीको प्रजनन् र जीवनचक्र

साधारणतया एशियाली पोथी हात्तीहरू ९-१२ वर्ष सम्मको उमेरमा प्रजनन्का लागि परिपक्व हुन्छन् भने केहि हात्तीले ८ बर्षमा समेत गर्भधारण गरेको पाइएको छ । हात्तीको गर्भधारण अवधि ६५९ दिनमा ३० दिन घटि वा बढि अर्थात १८-२२ महिनाको हुन्छ । हात्तीले सामान्यतयाः एक पटकमा एक वटा मात्र बच्चा जन्माउँछ तर कहिलेकाहीं जुम्ल्याहा पनि जन्माएको पाईएको छ । हात्तीको बच्चालाई छावा भनिन्छ । भरखर जन्मिएको छावाको तौल ८० देखि १०० किलोग्राम सम्म हुन्छ । जन्मेको २० एक घण्टा भित्र नै हात्तीको बच्चाले खुट्टा टेकेर उभिन सक्छ ।

भाले हात्तिहरू १५ वर्ष पछि प्रजनन्को लागि तयार हुन्छन् । पोथी हात्तीहरूमा १३-१८ हप्ताको प्रजनन् चक्र (Reproductive Cycle) हुन्छ । यो समयमा पोथी हात्तीहरूको भालेहात्तीसंग संसर्ग हुने गर्दछ । वयस्क भाले हात्तीले प्रजनन्को बेलामा मात्र पोथीसँग जोडी बनाउँछ । तर कुन भाले हात्ती संग प्रजनन् गर्ने र कुनसंग नगर्ने निर्णय सम्बन्धित पोथीले गर्दछन् र भाले छनौट गर्दा बलियो, वंश विस्तार गर्न लायक अनुवांशिक रूपमा सबल भाले रोज्दछन् ।

प्रजनन् क्षमताले उन्मुक्त भएको भालेलाई मत्ता हात्ती भनिन्छ । हात्तीको पोथीलाई ढोई भन्ने गरिन्छ ।भाले हात्तीले जुनसुकै मौसममा पनि पोथी हात्तीसंग संसर्ग गर्न सक्छ । पहिलो बच्चा ४-५ बर्षको भएपछि मात्र पोथीले अर्को बच्चा जन्माउँछ । सामान्यतया प्राकृतिक

वासस्थानमा हात्तीको आयु ६०-७० वर्षसम्म हुने गर्दछ तर पालेर राखेको हात्ती ८० बर्ष सम्म वाँचेको पाईएको छ ।

## एशियाली हात्तीको सामाजिक व्यवहार

हात्ती परिस्कृत बानी व्यवहोरा भएको सामाजिक एवं बुद्धिमान प्राणी हो । हात्तीको झुन्डमा बुढी पोथी मुखिया हुन्छे । यसको झुन्डमा समान्यतया एक परिवारमा ८-१२ वटा सम्म हात्तीको बथान हुन्छ तर कहिलेकाँहि १००-१५० वटाको संख्यामा पनि झुण्डहरू देखिएका छन् ।

ठूलो समूहमा भएका हात्तीहरू आफ्नो वासस्थान वाहिर विचरणको लागि आवश्यकता अनुसार स-साना समूहमा विभाजित भएर चरिचरण गर्ने र फर्किने वेलामा कुनै एक ठाँउमा भेला भएर आफ्नो वासस्थानमा प्रवेश गर्दछन् ।

भाले हातीहरू समान्यतया ८ देखि १५ वर्षको हुँदा आफ्नो समूह त्यागेर नयाँ समूहमा प्रवेश गर्न प्रयास गर्दछन् । यस्ता हात्तीहरू प्रजनन् को लागि वा समूहको संरक्षक (Defender) को रूपमा काम गर्दछन् ।

हात्तीमा करुणाभाव र सिक्न सक्ने क्षमता हुन्छ जसले गर्दा वस्तुहरूको प्रयोग गरी जटिल समस्याहरूको समाधान गर्न सक्दछन् । आफ्नो परिवारमा कुनै सदस्यको मृत्यू भएमा मृत शरीर माथि माटो छेरर रुने, कराउने तथा धेरै बेरसम्म लाशलाई कुरेर बस्ने, लाशको वरिपरि घुम्ने जस्ता कर्म गरी मृत्यू संस्कार गर्ने गरेको पाइन्छ ।जङ्गली हात्तीहरूलाई रोक्न बनाइएको विद्युतीय धरापलाई हात्तीहरू आफ्नो दाह्रा र सुकेका काठको मद्धतले भत्काएका उदाहरण छन् ।

जंगली हात्ती सबै भन्दा बढि वासस्थान क्षेत्र चाहिने र एक स्थानबाट अर्को स्थानमा ओहोर दोहोर गरिरहने वन्यजन्तु हो । भारतमा गरिएको एक अध्ययन अनुसार पोथी हात्तीले १८४ देखि ३२६ वर्ग कि.मी. र भाले हात्तीले १८८ देखि ४०७ वर्ग कि.मी.

क्षेत्रमा ओहोर दोहोर गर्ने र सो क्षेत्र आफ्नो वासस्थानको रूपमा प्रयोग गरेको पाईएको छ। नेपालमा रेडियो कलर जडान गरिएको हात्ती सम्बन्धी अध्ययनले कम्तिमा २८३ वर्ग कि.मी. क्षेत्रफल औसतमा प्रयोग गर्ने गरेको पाइएको थियो भने वासस्थान निकै क्षत बिक्षत र खण्डिकरण भएको अवस्थामा हात्तीले करीव १४०० वर्ग कि.मी.क्षे त्रफलमा विचरण गरेको पाइएकोले पुरानो अध्ययनलाई यसले थप पुष्टि गरेको छ।

हात्तीले परम्परा देखि आफुले ओहोर दोहोर गरेको बाटो, घुम्ने र चरिचरन गर्ने गरेको जंगल र पानीका स्रोतहरू प्रयोग गर्दछ। अर्धबयस्क र आपसमा लडाई गरी हारेको भाले हात्ती बढि रिसाहा, आक्रमक र उदण्ड हुन्छ। यस्ता एक्ला हात्तीहरू टाढा टाढा सम्म विचरण गर्ने गर्दछन् र मानव हात्ती द्वन्द श्रृजना गर्दछन्। हात्तीहरूमा इख राख्ने र बदला लिने भावना पनि हुन्छ।



*हात्तीहरुको झुण्ड*

## हात्तीले मानिसलाई आक्रमण गर्ने अवस्था

- हात्तीहरू कोमल स्वभावका हुन्छन तर उत्पिडन, खतरा वा वेसहारा महसुस गर्दा तिनीहरू मानिसप्रति आक्रामक हुन सक्छन् ।
- भाले हात्तीहरू मात चढेको अवस्थामा अत्यन्त आक्रामक हुन्छन् ।
- आपसमा जुधेर हारेको हात्ती रिसाहा र आक्रामक हुन्छ । यस्तो बेला मानिसलाई पनि आक्रमण गर्न सक्दछ ।
- सानो बच्चा साथमा भएको अवस्थामा वा आफ्नो बच्चा हराएको वा मरेको अवस्थामा ।
- भाले लाग्ने अवस्थामा मानिसलाई आक्रमण गर्न सक्छ।
- जम्काभेट भएमा वा मानिस अचानक हात्तीको नजिक पुगेको अवस्थामा पनि आक्रमण गर्न सक्छ ।
- चरीरहेको बेला वा आराम गरिरहेको बेलामा जिस्काए वा होहल्ला गरेमा हात्तीले मानिसलाई आक्रमण गर्न सक्छ ।
- हात्तीलाई जिस्क्याउने, धपाउने गरेमा रिसाएर, डराएर वा तर्सेर आक्रमण गर्न सक्छ ।
- आफु असुरक्षित भएको महशुस गरेको अवस्थामा हात्ती बढी आक्रामक हुन्छ ।
- पहिले आगोको अगुल्टो वा कुनै बस्तुको चोट खाएको भए त्यस्तो वस्तु देख्नासाथ हात्तीले आक्रमण गर्न सक्छ ।
- हात्तीमा इख राख्ने र बदला लिने भावना हुने भएकोले आँफुलाई जिस्काउने वा लखेटने वा दुखःदिने मान्छेको आवाज वा गन्ध पहिचान गरी धेरै पछि सम्म पनि आक्रमण गर्न सक्छ ।

## हात्तीले मानिसलाई आक्रमण गर्ने तरिका

- रिसाएको हात्तीले सुंड भुईमा पडकाउदै धुलो उडाउँछ । कान ठाडो पार्दै अगाडितिर ल्याउँछ र जोडले कराएर आक्रमण गर्दछ ।
- सुंडले हानेर मान्छे लडाउँछ अनि खुट्टाले थिच्ने र सुंडले समातेर च्यात्ने समेत गर्न सक्दछ ।

- ❖ भाले हात्तीले मान्छेलाई भुईमा ढालेपछि दाह्राले घोचेर आक्रमण गर्दछ ।
- ❖ हात्तीले रुखको हांगा वा ढुंगा वा अगाडी जे पाउँछ त्यो समातेर प्रहार गर्न सक्दछ ।
- ❖ कहिलेकांही सुंडले बेरेर मानिसलाई पर पुग्नेगरी हुत्याइदिने वा पछार्ने पनि गर्दछ ।
- ❖ हात्ती रिसाएको बेला घर भत्काउने, आफ्नो अगाडी जे छ त्यहि ढाल्ने पनि गर्दछ ।
- ❖ सामान्यतया पोथी भन्दा भाले हात्ती बढी आक्रामक हुन्छ ।

## हात्तीको आक्रमणबाट बच्ने उपाय

- ❖ हात्तीसंग जम्काभेट भएमा आफुसंग भएको सामान (टोपी, लुगा, झोला, चप्पल, आदि) फ्याक्ने र उकालो वा ओरालो वा ढुङ्ग्यान बगरतिर भाग्ने ।
- ❖ हात्तीले छोटो दूरीसम्म मात्र लखेटछ धेरै परसम्म लखेटदै पछिपछि आउँदैन ।
- ❖ ढलेको ठूलो रुखको मुनीबाट भाग्ने वा जंगलमा मोटो रुख नजिक पाइएमा हात्तीलाई छलेर बस्ने, त्यति गर्दा पनि हात्तीले आफुलाई आक्रमण गर्न खोजेमा रुख हेर्दै छल्दै भाग्ने ।
- ❖ पुलपुलेसामुनी जाने वा तरेर भाग्ने ।
- ❖ हावाको विपरित दिशातिर भाग्ने ।
- ❖ हात्तीले सितिमिति आक्रमण गर्दैन । मान्छे १५० मिटर भन्दा टाढै रहदा परैबाट हात्तीले बिभिन्न संकेत दिने गरेको हुन्छ । उदाहरणका लागि रुखको हाँगा भाँच्ने, रुख लडाउने, आक्रमण गर्नु पूर्व बिभिन्न खाले आवाज निकालि मानिसलाई नजिक नआउन चेतावनि दिएको हुन्छ । त्यसैले जङ्गल जांदा हात्तीको ताजा पाइला वा दिसा याद गर्ने, सतर्क रहने र हात्ती गएको दिशातर्फ नजाने । साथै रुख भाँचेको, सूंड बजारेको वा घुरेको पनि सुन्न सकिन्छ । यस्तो आवाज सुनेमा सतर्क हुने ।

## हात्तीबाट जनधनको क्षति हुनाका कारणहरू

सबै प्राणीहरूमा आफ्नो सुरक्षा र अस्तित्व रक्षा गर्ने प्राकृतिक गुण हुन्छ । जंगली हात्तीहरू पनि आफ्नो पैतृक वासस्थान, ओहोर दोहोर गर्ने मार्ग, खाने र आहाल बस्ने पानीका स्रोतहरू सुरक्षित राख्न चाहन्छन् । हात्तीले परम्परा देखि उपभोग गर्दै आएको वनक्षेत्र मानिसहरूले मासेर आफ्नो हितमा प्रयोग गरेका छन् । हात्ती बस्ने, डुल्ने, पानी खाने, चरिचरन गर्ने वन

क्षेत्रहरू गाउँबस्ति र आवादी जमिनमा परिणत भएका छन्। हात्तीको पुरानो वासस्थान मासेर सडक, राजमार्ग, नहर जस्ता भौतिक बिकास निर्माण समेत गरिएको छ। जसका कारण हात्तीहरू आफु र आफ्ना सन्ततीको भविश्य प्रति चिन्तित देखिन्छन्।

आफ्ना पूर्खाले सिकाएको बाटो पछ्याउदै पैतृक वासस्थान र बिचरण मार्ग खोज्दै जाने क्रममा वन क्षेत्र अतिक्रमण गरी वनलाई आवादीमा परिणत गरेको, खेतिपाति लगाएको, नयाँ घरबास निर्माण गरेको, सडक, नहर जस्ता अवरोध गर्ने खालका संरचना निर्माण भएको देखेपछि हात्तीहरू अलमलमा पर्ने र आत्तिने गर्दछन्। यसरी अलमलिएका र आत्तिएका हात्तीहरू सुरक्षित तरिकाबाट वनक्षेत्र प्रबेश गर्ने बाटो खोज्न दायाँ बायाँ भौतारिने गर्दछन्।

अलमलिएको अवस्थामा रहेका हात्तीहरूलाई मानिसहरूले होहल्ला गरेमा, कुकुर भुकेमा, आगो बाल्ने, पटका पड्काउने वा यस्तै आवाज निकाल्ने काम गरेमा हात्तीले आँफुलाई अशुरक्षित महशुस गरी जसरी भए पनि त्यहाँबाट उम्किने प्रयास गर्दछ। तर सहज निकास नपाएपछि उ बढि रिसाहा र आक्रमक बन्दछ। यस्तो अवस्थामा उसले घर गोठ भत्काउने, मानिसलाई समेत आक्रमण गर्ने जस्ता गतिबिधि गर्न सक्दछ। हाम्रो गाउँघरतिर हात्ती देखियो भने चारैतिरबाट घेरेर हो-हल्ला गर्ने, आगो बालेर तर्साउने, भाला, गुलेली वा भरुवा वन्दुकले हान्ने, धारिलो हतियारले घोच्ने जस्ता कार्य गरेर हात्तीलाई उत्तेजित बनाउने काम गरिन्छ। यस्तो अवस्थामा हात्तीले भाग्ने बाटो नपाएर यतत्र भौंतारिन पुग्दछ। यस्तो बेलामा हात्तीले जे अगाडी पर्दछ त्यसैलाई आक्रमण गर्दछ।

हात्ती शाकाहारी जनावर भएकोले आफ्नो पेट भर्ने आहाराकोलागि मानिस लगायत कुनै पनि प्राणीको हत्या गर्न जरुरि देखिदैन। तर हात्ती रिसायो भने निकै आक्रमक हुन्छ र यस्तो अवस्थामा रुख, घर, सवारी साधनहरू पनि पल्टाउने गरेको पाईन्छ। अधिकांश मानविय घटना हात्ती धपाउने निहुँमा मानिसबाट हुने लापरबाहिकै कारण हुने गरेको पाइएको छ।

## हात्तीबाट हुने मानवीय क्षतिका कारणहरू

हात्तीबाटहुने मानविय क्षति बढ्दो क्रममा रहेको छ। संरक्षित क्षेत्रमा मात्रै नभएर अन्य क्षेत्रमा समेत मानव-हात्ती द्वन्दका घटना हुने गरेका छन् । हात्तीबाट हुने मानविय क्षतिका कारण निम्नानुसार छन

### क. मानविय लापर्बाही

मानव-हात्ती द्वन्द्वका कारण हुने अधिकांश मानविय क्षति गाउँ बस्ति वा खेतिमा हात्ती प्रबेश गरेको बेला मानिसले गर्ने लापरवाही व्यवहारबाट हुने गरेका छन् । हात्ती देख्नासाथ भागेर ज्यान जोगाउन नसक्ने अवस्थाका महिला, बालबालिका र बृद्ध मानिसहरू पनि हात्ती धपाउने निहुँमा हात्तीको नजिक जाँदा मानविय क्षति हुने गरेको छ ।

१. हो-हल्ला गरेर हात्ती धपाउँदा हात्ती तर्सेर वा डराएर भाग्ने क्रममा मानिससंग जम्काभेट भयो भने हात्तीले आफ्नो शत्रु ठानेर आक्रमण गर्दछ ।
२. हात्तीलाई हो-हल्ला गरेको, कुकुर भुकेको, राँको वा बत्ति बालेको, पटका वा यस्तै अन्य आवाजहरू मन पर्दैन् । यस्तो गतिबिधि देख्यो भने हात्तीलाई बढि रिस उठ्छ र त्यसको प्रतिकारमा उत्रिने गर्दछ ।
३. कहिले काहिं मानिसहरू हात्ती धपाउने निहुँमा हात्ती घुम्नासाथ ठोक्किने गरी हात्तीको नजिक पुग्ने गर्दछन् । यस्तो बेला हात्तीले आक्रमण गर्दछ ।
४. कहिले काहिं हात्ती धपाउने निहुँमा हात्तीको नजिक पुगेको मान्छे भाग्ने क्रममा जुत्ताचप्पलको कारणले, लहरा, ठूटा वा खाल्डा खुल्डिमा अल्झिएर ढल्दा हात्तीले फेला पारी आक्रमण गर्ने गरेको पनि पाइएको छ ।
५. रातको समयमा बाहिर निस्किंदा हात्ती नजिक रहेको ख्याल नगर्दा र हात्ती धपाउन मदिरा सेवन गरि गएको रहेछ भने मानविय क्षति हुने गरेको छ ।





*(यसरी हात्तीको मुखैमा जुध्न जाँदा हात्तीको आक्रमणबाट मानिसको ज्यान जोखिम हुन सक्दछ)*

### ख. वनजंगल बिनास

नेपालमा बिगत ९० बर्ष (वि.सं. १९८८ देखि २०७८ सम्म) करीव २२ प्रतिशत वनजंगल विनाश भएको अध्ययनहरूले देखाएका छन् ।वनजंगलको बिनासले गर्दा हात्तीको वासस्थान र विचरण मार्ग पनि क्षयीकरण भएको छ । हात्तीहरू एउटा क्षेत्रबाट अर्को क्षेत्रमा ओहोर दोहोर गर्दा जंगलै जंगल हिंडन पाउने अवस्था छैन । जंगलको बीच बीचमा पनि मानव बस्ति र आवादी जमिन छ । मानव बस्ति र आवादी जमिनमा पाइने आहारा (खेति, भण्डारण गरेको अनाज) हात्तीले खाने र मानिसले जोगाउन खोज्ने क्रममा द्वन्द सृजना हुँदा मानविय क्षति हुने गरेको छ ।

### ग. वनक्षेत्र उपभोगका लागि हात्ती र मानिसको प्रतिस्पर्धा

हात्तीले चरिचरन र बिचरणका लागि उपभोग गर्ने परम्परागत वनक्षेत्र मानिसले गाइबस्तु चरिचरन गराउन, घाँस दाउरा संकलन गर्न आदीमा समेत प्रयोग गर्दा भूमि र प्राकृतिक स्रोत उपभोगमा मानिस र हात्ती बीच द्वन्द छ । हात्ती बिचरण गरिरहेको जंगलमा हात्ती र मानिस जम्का भेट हुँदा हात्तीले मानिसलाई आक्रमण गरेको पनि पाइएको छ ।

### घ. जनचेतनाको कमि

हात्तीको वानि व्यहोरा, हात्तीले आक्रमण गर्नाको कारण, हात्तीको आक्रमणबाट बाँच्ने उपायहरूका बारेमा सर्वसाधारण मानिसहरूमा यथेष्ठ जानकारी छैन । हात्ती देख्नासाथ धपाउनुपर्दछ भन्ने एकोहोरो सोचाइले गर्दा पनि मानविय क्षति हुने गरेको पाईन्छ ।

### ङ. हात्ती प्रतिको मानविय व्यवहार

हात्ती बुद्धिमान, गहिरो स्मरण शक्ति भएको र इख राख्ने जनावर हो । कुनै ठाउँमा हात्तीलाई भाला वा लाठीले घोच्ने, पिट्ने, आगोको राँकोले पोल्ने, अस्वाभाविक आवाज जस्तै पटका वा शंख फुकेर आवाज निकाल्ने, हिंडन प्रयोग गरेको बाटोमा अवरोध सृजना गर्ने, कुकुर लगाएर तर्साउन खोज्ने जस्ता गतिबिधि गरेमा हात्ती अझै रिसाउँछ र मान्छे प्रति आक्रमक बन्ने र बदलाको भावनाले पटक पटक सोहि ठाउँमा आउने गर्दछ । कतिपय मानिसहरू हात्ती देख्नासाथ बिना कारण आफ्नो ज्यान जोखिममा राखेर हात्तीको नजिकै पुग्ने, हात्तीलाई हान्ने, लखेट्ने, धपाउने र दुर्ब्यवहार गर्ने गरेको देखिन्छ । यस्तो व्यवहार

हात्तीलाई असैह्य हुन्छ र आक्रमणमा उत्रिन बाध्य हुन पुग्दछ। अतः हात्ती प्रतिको मानविय व्यवहार तथा क्रियाकलाप पनि मानविय क्षतिको कारक रहेको पाईन्छ।





*(स-साना बाबु नानीहरूलाई यसरी हात्ती नजिक जान दिनुहुन्न। सानो लापरबाहिले गर्दा ज्यानै जान सक्दछ)*

## च. सहज र मनपर्ने आहारा

वनजंल र हात्तीको बिचरण मार्ग आसपासको गाउँबस्तिमा हात्तीले खानकै लागि पटक पटक आउने गरेको पाइन्छ । छिट्टै अघाउने र मिठो आहारा जस्तै केरा, धान, गहुँ, उखु, मकै, फर्सी लगायतका खेतीको खोजीमा खेतबारीमा र भण्डारण गरेको अन्न, घर आसपासमा राखेको घरेलु जाँड-रक्सी, नुन, गुंड, भेली जस्ता खाद्य बस्तुको खोजीमा गाउँ घरमा प्रबेश गर्ने र मानिसले यी चिज वस्तुको सुरक्षा गर्न खोज्दा सृजना हुने द्वन्दका कारण पनि मानविय क्षति हुने गरेको पाइन्छ ।

कतिपय ठाउँमा जंगलसंग जोडिएको जमिनको किनारमा बारको रूपमा केरा, रुख कटहर, उखु जस्ता हात्तीलाई मनपर्ने र हात्तीलाई आकर्षण गर्ने खालका खेति लगाउने गरेको पाइन्छ । यस्तो ठाउँहरूमा हात्तीलाई मन नपर्ने खालका बोटबिरुवा लगाउनु उपयुक्त हुन्छ ।

## छ. हात्तीसार रहेको क्षेत्र वरिपरि भाले हात्तीको गतिबिधि

हात्तीसारमा रहने पोथी घरपालुवा हात्तीसंग आकर्षित भएर जंगली भालेहरू प्रायः साँझ परेपछि वा रातीको समयमा हात्तीसारमा आउने गर्दछन्। हात्तीसारमा आउने हात्तीले अवश्य कुनै क्षति गर्दछ भन्ने सोच, भय र त्रासका कारण मानिसहरूले हात्तीलाई हात्तीसारमा आउन नदिने, आइहाल्यो भने पनि धपाउने कोशिस गर्दछन । यो बिल्कुल गलत काम हो । हात्तीसारमा आएको जंगली हात्तीलाई कुनै बाधा ब्यवधान नगरेमा उज्यालो भएपछि हात्ती आफै जंगलतिर जाने गर्दछ । कहिलेकाहीं दिउसो पनि जंगली हात्ती पोथीसंग हात्तीसारमा बस्ने गर्दछ । यस्तो अवस्थामा उसलाई कुनै किसिमले रिस उठ्ने गतिबिधि गर्नु हुँदैन ।





(हात्तीसारमा घरपालुवा हात्तीसंग जंगली भाले हात्ती) (हात्तीसार नजिकैको खेतिमा चरिरहेको जंगली हात्ती)

## हात्तीसंग सहयात्रा

हात्ती हजारौं बर्ष देखि तराई र भित्री मधेशको भूमिमा बिचरण गर्दै आएको जनावर हो। नेपालमा तराईको पूर्व देखि पश्चिम सम्मको चारकोसे झाडी हात्तीको पैतृक वासस्थान हो। चारकोसे झाडी फँडानी गरेर मानव बस्ति बिस्तार भएपछि हात्तीको वासस्थान घट्दै गएको हो। हात्ती अनेकौं प्रतिकुल अवस्थाका बावजुद आफ्नो पैतृक वासस्थानमा बिचरण गर्दै आएको छ।

जबसम्म हाम्रो वरिपरि हात्ती चरिचरन गर्दछ, बिचरण गर्दछ र ओहोर दोहोर गर्दछ तबसम्म मानिस र हात्ती बीच सहयात्रा जारी रहन्छ। मानिसले हात्तीलाई निषेध गरेर आँफु मात्र बस्ने वा हात्तीले पुरै मानविय बस्ति हटाएर आफ्नो वासस्थान कायम गर्नसक्ने दुबै असम्भव छ। मानिस हात्ती भन्दा बुद्धिमानि प्राणी भएकोले मानिसले नै आँफु पनि बाँच्ने र हात्तीलाई पनि बाँच्न दिने वातावरण सृजना गर्नु हाम्रो जिम्मेवारी हो।

हात्ती एक शान्तीप्रिय जनावर हो। हात्तीहरू मानिस देखि टाढै बस्न रुचाउँछन। पूर्ण शाकाहारी भएकाले आहाराको लागि मान्छे तथा अन्य जनावर मार्ने काम गर्दैनन्। प्रकृतिको अनुपम उपहारका रूपमा रहेको हात्ती लोपोन्मुख अवस्थामा भएकाले हात्तीको संरक्षण गर्नु हामी सबैको कर्तब्य हो।

हात्ती संरक्षणका साथै हात्तीबाट धनजनको क्षति हुन नदिनका लागि स्थानीय समुदायलाई सक्षम बनाउने र क्षति रोकथामका उपायहरूको प्रभावकारी ब्यवस्था र हात्तीबाट हुने क्षतिको राहत सहयोग सरल र छोटो छरितो ढङ्गबाट उपलब्ध गराई मानव-हात्ती सह-अस्तिवको वातावरण निर्माण गर्नु पनि हात्ती संरक्षणको अर्को पाटो हो।

मानव-हात्ती सहअस्तित्व कायम राख्नका लागि स्थानीय समुदायले हात्ती किन बस्तीमा आउने गर्दछ ? बस्तिमा पसेको हात्तीले किन क्षति गर्दछ ? कस्तो अवस्थामा हात्तीले आक्रमण गर्दछ ? हात्तीको आक्रमणबाट सुरक्षित रहनका लागि के कस्ता उपाय अवलम्वन

गर्नुपर्दछ भन्ने कुराहरू जान्न जरुरी छ। वनजंगलछेउ बस्ने बासिन्दाहरूले हात्तीसंग मिलेर बाँच्ने कला सिक्न सकेमा दुबै प्राणी मिलेर बाँच्न सकिन्छ। हात्ती संग सहयात्राका लागि निम्न कुराहरूमा ध्यान दिनुपर्ने देखिन्छः

## हात्ती प्रति गरिने मानिसको व्यवहार परिवर्तन

- हात्तीलाई माया गर्ने तर हात्ती देखि टाढा रहने।
- हात्ती देख्नासाथ हो-हल्ला गर्ने, आगो बाल्ने, पटका पड्काउने, लाठी वा भालाले घोच्ने जस्ता कुनै काम नगर्ने। हात्ती गाउँबस्तिमा आएको थाहा पाउनसाथ खेतिबालि, भण्डारण गरिएको अन्न वा घर भन्दा पहिले मानिसको ज्यान सुरक्षित राख्नका लागि जतिसक्दो चाँडो सुरक्षित स्थानमा जाने।
- हात्तीलाई धपाउने, तर्साउने प्रयास गर्दा हात्ती रिसाउने, आक्रमक हुने र मानिसलाई नै आक्रमण गर्ने खतरा रहने भएकोले हात्ती धपाउने निहुँमा केटा केटी, बृद्धबृद्धा र असक्त मानिसहरू घर बाहिर ननिस्किने।
- जंगल नजिकको गाउँबस्ति र जंगलको बाटो हिंडदा हात्ती कता छ जानकारी राख्ने।
- वनजंगल आसपासको बाटो र हात्ती ओहोर दोहोर गर्ने क्षेत्रमा एक्लै र मदिरा सेवन गरेर नहिंड्ने।
- सुत्ने ठाउँ नजिक जाँड रक्सी, नुन, अन्न, आदि हात्तीले खाने वस्तुहरू नराख्ने।
- चम्किलो लुगा लगाएर जंगल नजाने। जंगल जाँदा समूहमा जाने तर हल्ला नगर्ने, चनाखो रहने, हात्तीको पाइला, दिसा तथा चरेको चिन्हहरू ख्याल राख्ने। हात्ती देखेमा नआत्तिने सजगताकासाथ सुरक्षित स्थानमा जाने।
- वनजंगलमा जाँदा अत्तर, बास्ना आउने साबुन प्रयोग नगर्ने, सुर्ति, खैनी, चुरोट नखाने।
- वन जंगलमा हिंड्दा गीत संगित नसुन्ने र एयरफोनको प्रयोग नगर्ने।
- रातको समयमा घरबाहिर विजुली वत्ती वा आगो बालेर उज्यालो राख्ने।
- घर नजिक झाडी राखेमा हात्ती देख्न गाह्रो पर्दछ। त्यसैले बाँस, केरा, कटहर जस्ता झाडी हुने र हात्तीलाई मन पर्ने रुख नलगाउने।

- हात्ती प्रभावित क्षेत्रमा हात्तीलाई मन नपर्ने वाली जस्तै आलु, तेलहन, मेन्था, जुट, कागती, खुर्सानी जस्ता खेतीमा जोड दिने ।
- हात्ती गाउँबस्तिमा प्रबेश गरेमा मानिसहरूलाई हात्तीको नजिक जानबाट रोक्न, जोखिममा रहेका मानिसहरू, असक्त, बृद्ध, बृद्धा, बिरामी, बालबालिकाहरूलाई हात्तीले असर गर्न नसक्ने सुरक्षित स्थानमा पुर्याउन र कुनै घटना घटेमा तत्काल उद्धार कार्य परिचालन गर्नका लागि स्थानीय युवाहरूको Rapid Response Team (RRT) गठन गरि परिचालन गर्ने ।

## ध्यान दिनुपर्ने अन्य कुराहरू

- हात्ती पनि मानिस जस्तै सामाजिक प्राणी हो । हात्तीमा पनि दया, माया, करुणा, इर्ष्या, बदलाको भावना हुन्छ। मानिसले जस्तै हात्तीले पनि आफ्ना बच्चालाई अति माया गर्दछ। कहिलेकाहिं आमा हात्तीले आफ्नो मृतक बच्चाको लास संगै लिएर रुँदै हिंडेको पनि देखिन्छ । मानिस जस्तै हात्ती पनि आफ्ना अभिभावकको मृत्यूमा दुखिः हुन्छन् । त्यसैले कहिल्यै पनि हात्तीलाई मार्ने वा घाईते बनाउने काम गर्नुहुन्न ।
- मस्त भाले हात्तीको कञ्चटमा माद निस्केर कञ्चट भिजेको देखिन्छ। मातेको बेलामा हात्ती मानिस संग डराउँदैन । उसलाई अलिकति डिष्टर्व भयो भने सोझै आक्रमण गर्दछ । यस्तो हात्ती देखिएमा धेरै सतर्क र सजग रहनु पर्दछ ।
- जंगली हात्ती नियन्त्रणका लागि विद्युतिय तारवार सबैभन्दा उत्तम मानिन्छ । आफ्नो क्षेत्रको विद्युतिय तारवार र हात्ती रोक्न निर्माण गरिएका संरचनाहरूको नियमित मरम्मत सम्भार गर्नु पर्दछ ।
- जंगली हात्तीबाट घरमा भण्डारण गरिएको खाद्यान्न क्षति भैरहने गाउँहरूमा हात्तीले क्षति पुर्याउन नसक्ने संरचना भएको सामुहिक अन्न भण्डार (बर्दियाको कर्मला गाउँमा संचालनमा छ) निर्माण गरी अन्न भण्डारण गर्ने र हात्ती आँउदा सुरक्षाका लागि घरको छत प्रयोग गर्न सकिन्छ ।

- पटक पटक गाउँमा हात्ती पसेर जनधनको क्षति हुने बस्तिहरूमा हात्ती गाउँमा पसेको सूचना एकै चोटी सबैले थाहा पाउने गरी प्रवाह गर्नका लागि अग्रिम चेतावनी ध्वनी (Early Warning Siren) जडान गर्न सकिन्छ (बर्दियाको खाता जैविक मार्ग र पाताभार तथा चितवन माडीको बोटेसिमरामा यस्तो प्रबिधि जडान गरिएको छ) ।
- हात्ती आगमनको छिटो छरितो सूचना प्रवाह गर्न एफ. एम. रेडियो र मोबाईल एप्सको प्रयोग गर्न सकिन्छ (बर्दियाको खाता जैविक मार्गमा यो प्रयोग भएको छ) ।
- हात्तीबाट पटक पटक खेतिबाली र घर गोठ तथा मानविय क्षति हुने क्षेत्रमा बिमा गर्नु उपयुक्त हुन्छ (खाता जैविक मार्गमा पर्ने बर्दियाको पत्थरबोझि र भक्रैया गाउँ, चितवन माडीको बोटेसिमरा गाउँमा मानिसहरूको दुर्घटना बिमा र घर गोठको बिमा गरिएको छ।

## हात्तीबाट हुने क्षतिको राहत सहयोग सम्बन्धी व्यवस्था

नेपाल सरकारले हात्तीको आक्रमणबाट मानिस घाईते वा मृत्यु भएमा, घर गोठ क्षति भएमा, खेती र भण्डारण गरिएको अन्न क्षति भएमा राहत उपलब्ध गराउन वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका जारी गरी पीडितलाई राहत उपलब्ध गराउने व्यवस्था गरेको छ। वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६९ (दोस्रो शंसोधन २०७४) मा हात्तीबाट हुने क्षतिको राहत सहयोग सम्बन्धि निम्न ब्यवस्था रहेको छ।

### १. हात्तीबाट हुने क्षतिको किसिम, राहत प्राप्त गर्ने आधार र राहत रकमको हद

#### १.१ क्षतिको किसिम र राहत रकमको हद

#### क. मानबिय क्षतिका लागि

- हात्तीको आक्रमणबाट मानिस सामान्य घाईते भएमा घाईतेको प्रकृति र प्रेषित कागजात र सिफारिसका आधारमा बढिमा रु.२०,००० (बीस हजार) सम्म औषधोपचार खर्च। हात्तीको आक्रमणबाट मानिस गम्भिर घाईते भएमा घाईतेको प्रकृति, प्रेषित कागजात र बिशेषज्ञ चिकित्सकको सिफारिसका आधारमा रु.२,००,००० (दुई लाख) सम्म औषधोपचार खर्च। तर हात्तीको आक्रमणबाट घाईते हुनेलाई

औषधोपचार गर्दा दुई लाख भन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा आकस्मिक (ईमरजेन्सी) उपचार गराउँदा लागेको खर्च र तत्पश्चात सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च त्यस्तो अस्पतालको सिफारिसमा नेपाल सरकारले ब्यहोर्ने छ।

- हात्तीको आक्रमणबाट मानिस मृत्यू भएमा आश्रित परिवारलाई रु.१०,००,००० (दश लाख) राहत उपलब्ध गराउने।

### ख. घर गोठ र भण्डारण गरिएको अन्न क्षतिका लागिः

सम्बन्धित उपभोक्ता समिति र कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षति सम्बन्धि प्रतिवेदन र सिफारिसका आधारमा निम्नानुसार राहत उपलब्ध गराउने।

- घर गोठको क्षति भएमा क्षतिको प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढिमा रु.१०,००० (दश हजार ) सम्म।
- भकारीमा भण्डारण गरिएको अन्नको क्षतिको मुल्यांकन गरी प्रेषित कागजात र सिफारिसका आधारमा बढिमा रु.१०,००० (दश हजार सम्म)।

### ग. खाद्यान्न बालीको क्षतिको लागि

सम्बन्धित उपभोक्ता समिति, स्थानीय निकाय र कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षति सम्बन्धि प्रतिवेदन र सिफारिसका आधारमा खाद्यान्न बालीको क्षतिको क्षेत्रफल र प्रकृति हेरी बढिमा रु.१०,००० (दश हजार) सम्म राहत उपलब्ध गराउने।

## हात्तीबाट भएको क्षतिको राहत सहयोग प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरू

- पिडित / हकवालाको निवेदन र आश्रीतको हकमा नाता प्रमाणित कागजात।
- घटनास्थलको मूचुल्का र फोटो।
- मानिस मृत्यू वा घाईते भएमा मृतक वा घाईतेको फोटो।
- मानिस मृत्यू भएमा पोष्टमार्टम रिपोर्ट, प्रहरी प्रतिवेदन र मृत्यू दर्ता प्रमाण पत्र।
- मानिस घाईतेको हकमा स्वास्थ्य संस्थाको सिफारिस र औषधिको विल।
- सम्बन्धित उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समूह र स्थानीय तहको सिफारिस।

- घरपालुवा पशुको हकमा पशु सेवा सम्बन्धि प्राबिधिकको मूल्याँङ्कन सहितको सिफारिस ।
- भण्डारण गरेको अन्न र खेतीको हकमा कृषि प्राबिधिकको मूल्याँङ्कन सहितको सिफारिस ।
- घर गोठ र खेतीबाली क्षतिको हकमा जग्गा धनी प्रमाणपूर्जा र मालपोत तिरेको रसिद अनिवार्य रूपमा संलग्न राख्नु पर्ने ।

## राहत सहयोग सम्बन्धि ध्यान दिनु पर्ने कुराहरू

- राहत मागका लागि संरक्षित क्षेत्र भएको ठाँउमा सम्बन्धित संरक्षित क्षेत्रमा र अन्यत्र सम्बन्धित डिभिजन वन कार्यालयमा निवेदन पेश गर्नुपर्ने ।
- घटना घटेको ३५ दिन भित्र निवेदन पेश गरिसक्नुपर्ने ।
- राहत रकम चेक मार्फत प्राप्त हुने ।
- मृतकको हकमा निजको आश्रित परिवार वा नजिकको हकवालाले रकम पाउने ।
- राहत उपलब्ध गराउदा दुईजना माथवर ब्यक्तिलाई रोहबरमा राख्नुपर्ने ।

## हात्ती संरक्षणका चुनौतीहरू

वासस्थान बिनास र खण्डिकरण, आहारा र पानीको कमी, चोरी शिकार, मानव हात्ती द्वन्द्ध जस्ता कारणले गर्दा हात्ती संरक्षण कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हस्ती हाड, दाह्रा, छाला र मासुका लागि हात्तीको चोरीशिकार हुने गरेको छ। कतिपय अवस्थामा हात्तीलाई बदलाको व्यवहार गरी पासोमा पारेर, करेन्ट लगाएर, खानामा बिष मिलाएर मार्ने घटना पनि घटेको पाइन्छ।

हात्ती संरक्षणका लागि वासस्थान संरक्षण, जैविकमार्गहरूको बिकास, मानव हात्ती द्वन्द्ध ब्यवस्थापन र मानव-हात्ती सहअस्तित्वका लागि वातावरण निर्माण एवं कानुनमा कडाई हुन जरुरी छ।

हात्ती अन्तराष्ट्रिय महत्वको वन्यजन्तु भएकोले यसको संरक्षणलाई बढि महत्व दिईएको छ। हात्तीलाई IUCN रेड लिस्टमा संकटापन्न वन्यजन्तुको सूचीमा र साइटिस महासन्धि अनुसार अनुसूची- १ मा राखिएको छ। नेपालमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले हात्तीलाई संरक्षित वन्यजन्तुको रूपमा सूचीकृत गरेको छ।

## नेपालमा हात्ती संरक्षणका चुनौतिहरू

- वासस्थान बिनास र वासस्थान खण्डिकरण।
- जैविक मार्गमा व्यवधान र अवरोध।
- जङ्गलमा हात्तीको उपयूक्त आहाराको कमि।
- चुरे र भावर क्षेत्रमा पानीको कमि।
- चोरीशिकार र आखेटोपहारको अबैध ब्यापार।
- मानव हात्ती द्वन्द्ध।
- प्रतिशोधमा हत्या।
- वन क्षेत्रमा राजमार्ग, नहर, रेलमार्ग, बिद्युत प्रशारण लाईन जस्ता भौतिक पूर्वाधार निर्माण।
- सडक दुर्घटना।

## हात्ती संरक्षणका लागि कानूनी ब्यवस्था

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा हात्तीलाइ संरक्षित वन्यजन्तुको रूपमा सूचीकृत गरिएको छ।
- गैर कानूनी तरिकाले हात्ती मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्रि गर्ने, वा हस्तान्तरण गरि लिने दिने तथा हात्तीको मासु, छाला, हड्डी जस्ता आखेटोपहार खरिद गर्ने, बिक्रि गर्ने वा ओसार पसार गर्ने ब्यक्तिलाइ पाँच लाख देखि दश लाख रूपैयाँ सम्म जरिवाना वा ५ वर्षदेखि १५ वर्षसम्म कैद वा दुबै सजाय हुने कानूनी व्यवस्था छ।
- हात्ती मार्ने, घाइते बनाउने ब्यक्तिको सुराक लगाई पक्राउ गर्न सहयोग गर्ने ब्यक्तिलाई नेपाल सरकारबाट रु. ५०,००० (पचास हजार) पुरस्कार दिने ब्यवस्था छ।

- हात्ती सम्बन्धी अपराध गरेको भन्ने बिश्वास हुने मुनाशिव कारण भएमा त्यस्ता ब्यक्तिले गरेको त्यस्तो कामको सबुत बुझ्नका निमित्त वा निजको गिरफ्तारिका निमित्त तोकिएका अधिकारीबाट वारेन्ट प्राप्त गरि जुनसुकै समय त्यस्ता ब्यक्तिको घर, जग्गा जमिन र सबै प्रकारका सवारीमा प्रबेश गर्न र खानतलासि गर्न सक्नेछ।
- वारेन्ट प्राप्त गर्न केहि समय लाग्ने भइ सो समय भित्र कसुरदार भागि जाने कसुरको सबुत गायव गरिने सम्भावना देखिएमा त्यस्ता कुराको लिखित अभिलेख तयार गरी तोकिएको अधिकारीले त्यस्तो घर, जग्गा, जमिन वा सवारीमा प्रवेश गर्न र खानतलासि गर्न सक्नेछ।
- हात्ती सम्बन्धि अपराध गर्ने कसुरदार भाग्छ भन्ने बिश्वास गर्ने कारणहरू भएमा अधिकार प्राप्त अधिकारीले बिना वारेन्ट गिरफ्तार गर्न सक्नेछ।
- अधिकार प्राप्त अधिकारीले गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरिसकेपछि छुटाइ लैजान वा पक्राउ गर्न नदिन कसुरदार वा निजको मदद्धतगार कसैले हुलहुज्जत गरी भागि जाने वा भगाइ लैजाने अवस्था परेमा वा पक्रनेकै ज्यान जोखिम हुने सम्भावना देखिन आएमा वा हतियार नचलाइ नहुने अवस्था पर्न आएमा सकभर घुँडा देखि मुनि लाग्ने गरी सो पक्रन आउने कर्मचारीले गोलि चलाउन सक्नेछ। सो अनुसार गोलि चलाउँदा कसुरदार वा निजको मद्धतगार मर्न गएमा बात लाग्ने छैन।
- संकटापन्न तथा दुर्लभ वन्यजन्तु र वनस्पतिको अन्तराष्ट्रिय ब्यापार नियन्त्रण ऐन २०७३ ले हात्तीलाई अनुसूची-१ मा समावेश गरेको छ। सो ऐन अनुसार हात्तीलाई मार्न, घाईते बनाउन, खरिद वा बिक्रि गर्न पूर्ण रूपमा प्रतिबन्ध लगाएको छ। साथै हात्तिका अंगहरूको ओसार पसार तथा खरिद बिक्रि समेत गर्न नपाईने कानूनी ब्यवस्था गरेको छ। सो ऐनको बर्खिलाप कार्य गरेमा ५ देखि १५ बर्षसम्म कैद वा ५ लाख देखि १० लाख रूपैयाँ सम्म जरिवाना वा दुबै सजाय हुने ब्यवस्था गरेको छ।

## हात्ती संरक्षण किन ?

- हात्ती पारिस्थितिकीय प्रणालीको महत्वपूर्ण जीव हो। यसले जङ्गललाई परिवर्तन गरी स-साना जीवहरूका लागी वासस्थान बनाउँछ। विजहरूलाई वितरण र बिसर्जन गरी पर्यावरण जोगाउने हुनाले हात्तीलाई पर्यावरणको इन्जिनियर पनि भनिन्छ। अतः हात्तीलाई जोगाउनु भनेको सम्पूर्ण जङ्गल र वासस्थान जोगाउनु हो।

- धार्मिक दृष्टिकोणबाट हात्तीलाई बाधाहरू हटाउने र भाग्य र सौभाग्य प्रदान गर्ने उच्च सम्मानित हिन्दू देवता, भगवान गणेशको अवतारको रूपमा पुजा गर्ने चलन छ। हात्ती एक पवित्र जनावर भएकोले हात्तीले टेकेको पाइलाको माटो पनि पवित्र हुन्छ भन्ने बिश्वास गरिन्छ। हिन्दु महिलाहरू हरितालिका तीजको चौथो दिन ऋषीपंचमीको दिन भाद्र महिनाको शुक्ल पक्षको पञ्चमी तिथिमा हात्तीको पाइलाको माटो मिसाएर सप्तऋषिहरूको प्रतिमा तयार गरि पुजा आजा गर्ने परम्परा छ।
- पर्यटकीय दृष्टिकोणबाट पनि हात्तीलाई विश्वव्यापी रूपमा, पर्यटन उद्योगले विभिन्न मनोरञ्जनको लागि प्रयोग गरेको छ। एशियाका बिभिन्न देशहरूमा हात्तीहरूलाई पर्यटन स्थलहरूमा राखेर हात्ती सवारी, हात्ती अवलोकन, हात्ती धुने, हात्तीलाई आहारा खुवाउने, सेल्फी खिच्ने जस्ता मनोरञ्जनात्मक गतिविधिहरू प्रदान गरिन्छ। हाती पोलो, हात्ती दौड, हात्ती फुटवल जस्ता पर्यटकलाई मनोरञ्जन प्रदान गर्ने खेल पनि आयोजना गर्ने गरिन्छ। यसबाट मनोरञ्जन मात्र नभएर आर्थीक आम्दानी र रोजगारीका अवसर सृजना गर्न पनि मद्धत पुगेको छ।
- वन, वन्यजन्तु तथा जैविक विविधता सम्बन्धी अध्ययन अनुसन्धान र मानव-वन्यजन्तु द्वन्द्ध व्यवस्थापनमा हात्तीको ठूलो भूमिका रहेको छ। नेपालमा बाघ, गैंडा, जंगली हात्ती, अर्ना, गौरीगाई जस्ता ठूला वन्यजन्तु गणनाको काममा पनि हात्तीको प्रयोग गरिंदै आएको छ।
- संसारको सबै भन्दा ठूलो स्तनधारी जन्तु हात्ती स्वयं एउटा अध्ययनको बिषय पनि बनेको छ। धेरै मानिसहरूले हात्तीको बारेमा अध्ययन, अनुसन्धान गरेर बिशेषज्ञता हासिल गरेका छन्। यस अर्थमा हात्तीलाई एक खुला बिश्व विद्यालयको रूपमा लिन सकिन्छ।





<u>हात्ती सम्बन्धि थप जानकारीका लागि सम्पर्क</u>


**श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण बिभाग**

**बबरमहल, काठमाण्डौ**

**फोन नंबरः ०१-५३२०९१२, ०१-५३२०८५०**

**तथा**

**मातहतका संरक्षित क्षेत्र कार्यालयहरु**

**र**

**डिभिजन वन कार्यालयहरु**